# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, फागुन २१ गते २०५२ साल (संख्या ४६


## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी खण्ड ४२ संख्या ३३ मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ को,–

१. अनुसूची १ को पूर्ण बन्देज लगाइएका वस्तुहरूको खण्ड (अ) को उपखण्ड (घ) को सट्टा देहायको उपखण्ड (घ) राखिएको छ ।

"(घ) मूल्यवान धातु (सुन, चाँदीसमेत) तथा जवाहरात (गुण्टा, झिटी, भारी आदेशमा परेको र प्रचलित कानून बमोजिम नेपालमा स्थापित उद्योगद्वारा उत्पादित हीरा बाहेक)"

२. अनुसूची २ को पूर्ण बन्देज लागेका सामानहरूको खण्ड १ को उपखण्ड १.४ को सट्टा देहायको उपखण्ड १.४ राखिएको छ ।

"१.४- मूल्यवान धातु (सुन, चाँदीसमेत) तथा जवाहरात (गुण्टा, झिटी, भारी आदेशमा परेको र उद्योगको लागि चाहिने कच्चा हीराहरू बाहेक)"

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी धोवादि गाउँ विकास समिति, नवलपरासीको वडा नं. ७ संखदेवमा सामुदायिक विकास योजना (एक्सन एड) नेपालको सहयोगमा संचालन भएको संखदेव खानेपानी योजनाको लागि नेपाल पोलिथिन एण्ड प्लाष्टिक इन्डष्ट्रिज (प्रा.) लि. बाट खरीद गरिने रू. ५,६८,६८०।७४ बराबरको विभिन्न साइजको पोलिथिन पाइप र रू. २,१३७।२४ बराबरको पाइप फिटिङ्मा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी जिल्ला वन कार्यालय भद्रपुर झापाले निर्माण गर्ने दुईवटा रेन्जपोष्टको लागि आवश्यक पर्ने २००० क्यू. फिट गोलिया काठको चिरानमा लाग्ने अन्तःशुल्क मिन्हा दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत (उप-सचिव)



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०८

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५२।८।२५ को निर्णयानुसार मुख्य सचिव श्री ईश्वरप्रसाद उपाध्यायको ३० वर्ष सेवा अवधि मिति २०५०।८।२६ मा पूरा भई मिति २०५०।८।२७ बाट २ वर्षको सेवा अवधि थप गरेकोमा सो अवधि पनि पूरा भएकोले निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम मिति २०५२।८।२६ देखि लागू हुने गरी पुनः १ वर्ष सेवा अवधि थप गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०५२।१०।२२ को निर्णयानुसार कानून तथा न्याय मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका विशेष सचिव श्री सुरेशमान श्रेष्ठ-लाई नियुक्ति गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना १

जनसंख्या विषय बहुक्षेत्रीय तथा बहुआयामिक हुनाले र धेरै मन्त्रालय तथा निकायहरूसंग सम्बन्धित भएकोले सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी श्री ५ को सरकारले मिति २०५२।१०।८ को निर्णयानुसार मौजुदा राष्ट्रिय जनसंख्या समितिको देहाय बमोजिम पुनर्गठन गरेको छ ।

१. समितिको गठन विधि

(१) प्रधानमन्त्री — अध्यक्ष

(२) मन्त्री । राज्यमन्त्री, जनसंख्या तथा वातावरण मन्त्रालय — उपाध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०५

(३) मन्त्री । राज्यमन्त्री, गृह मन्त्रालय सदस्य
(४) मन्त्री । राज्यमन्त्री, स्थानीय विकास मन्त्रालय सदस्य
(५) मन्त्री । राज्यमन्त्री, शिक्षा मन्त्रालय सदस्य
(६) मन्त्री । राज्यमन्त्री, स्वास्थ्य मन्त्रालय सदस्य
(७) मन्त्री । राज्यमन्त्री, महिला तथा समाजकल्याण मन्त्रालय सदस्य
(८) मन्त्री । राज्यमन्त्री, कृषि मन्त्रालय सदस्य
(९) सहायक मन्त्री, जनसंख्या तथा वातावरण मन्त्रालय सदस्य
(१०) सभापति, जनसंख्या तथा सामाजिक समिति, प्रतिनिधि सभा सदस्य
(११) सदस्य, राष्ट्रिय योजना आयोग (जनसंख्या हेर्ने) सदस्य
(१२) अध्यक्ष, नेपाल परिवार नियोजन संघ सदस्य
(१३) जनसंख्या क्षेत्रमा कार्यरत महिलाहरूमध्ये श्री ५ को सरकारबाट मनोनीत दुईजना सदस्य
(१४) जनसंख्यासम्बन्धी विशेषज्ञहरूमध्ये श्री ५ को सरकारबाट मनोनीत दुईजना सदस्य
(१५) सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय सदस्य-सचिव

२. पदावधि दफा १ को उपदफा (१३) र (१४) बमोजिमका सदस्यहरूको पदावधि ४ (चार) वर्षको हुनेछ ।

३. समितिको काम र सचिवालय (१) राष्ट्रिय जनसंख्या समितिले देहायका उद्देश्य प्राप्तिका लागि आवश्यक नीति निर्माण गर्ने, कार्यविधि तयार गर्ने तथा नीति कार्यान्वयन गर्ने सम्बन्धमा निर्देशन दिनेछः

(क) विकासका प्रयास र जनसंख्याको आकार, वृद्धिदर र वितरणबीच सन्तुलन एवं समन्वय कायम गर्दै सम्पूर्ण नेपालीको जीवनयापनको सामर्थ्यलाई दिगो बनाउन प्रभावकारी व्यवस्थापन गर्ने ।
(ख) जनसंख्या वृद्धि, वितरण र बसाई सराईलाई व्यवस्थित गर्ने ।
(ग) जनसंख्या र वातावरणबीच समन्वय कायम गर्ने ।
(घ) जनसंख्यासम्बन्धी कानूनको संरचना तयार गर्ने र ऐन नियम तथा नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारी एवं गैरसरकारी संस्थाहरूको विकास एवं समन्वय गर्ने ।
(ङ) जनसंख्या कार्यक्रमहरू प्रभावकारी बनाउनलाई आन्तरिक तथा बाह्य आर्थिक स्रोत र साधनको आवश्यक व्यवस्थापन गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
290

(च) जनसंख्यासम्बन्धी अनुसन्धान, अध्ययन, सर्भेक्षण, अग्रणी परियोजना र तालीम कार्यक्रमहरू आवश्यकता अनुसार संचालन गर्ने ।

(छ) नेपालले जनसंख्या नियन्त्रण र व्यवस्थापन सम्बन्धमा गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताको पालना गर्ने, गराउने ।

(ज) जनसंख्याका सम्बन्धमा सूचना प्रवाह गर्ने र शैक्षिक विकास एवं जनचेतना जागृत गर्ने ।

(झ) जनसंख्याको क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्ने ।

(ञ) जनसंख्या व्यवस्थापन कोषको स्थापना एव संचालन गर्ने ।

(२) राष्ट्रिय जनसंख्या समितिको सचिवालयको काम जनसंख्या तथा वातावरण मन्त्रालयले गर्नेछ ।

४. समितिको बैठकसम्बन्धी कार्यविधि (१) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता समितिको उपाध्यक्षले गर्नेछ ।

(२) समितिको बैठकमा अध्यक्षको आदेशले सदस्य-सचिवले अन्य मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, विशेषज्ञ वा विभिन्न पदाधिकारीहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) राष्ट्रिय जनसंख्या समितिको बैठक र अन्य काम कारवाहीसम्बन्धी कार्यविधि समितिले आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

५. द्रष्टव्य

(१) मौजुदा राष्ट्रिय जनसंख्या समितिको निर्णय र समितिले गरेको काम कारवाहीहरू दफा १ बमोजिम गठन भएको राष्ट्रिय जनसंख्या समितिले गरेको मानिनेछ ।

(२) मौजुदा राष्ट्रिय जनसंख्या समितिको चल, अचल सम्पत्ति दफा १ बमोजिम गठन भएको राष्ट्रिय समितिमा सर्नेछ ।

(३) खण्ड ४५, संख्या २३, मिति २०५२।६।२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयको सूचना १ खारेज गरिएको छ ।

## सूचना २

वातावरण संरक्षण वहुआयामिक र धेरै मन्त्रालय तथा निकायहरूसंग सम्बन्धित भएकोले सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा सबै पक्षको प्रतिनिधित्व



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुने गरी श्री ५ को सरकारले मिति २०५२।१०।८ को निर्णयानुसार मौजुदा वातावरण संरक्षण परिषद्को देहाय बमोजिम पुनर्गठन गरेको छ ।

१. परिषद्को गठन विधि

| | | |
|---|---|---|
| (१) | प्रधानमन्त्री | अध्यक्ष |
| (२) | मन्त्री।राज्यमन्त्री, जनसंख्या तथा वातावरण मन्त्रालय | उपाध्यक्ष |
| (३) | मन्त्री।राज्यमन्त्री, आवास तथा भौतिक योजना मन्त्रालय | सदस्य |
| (४) | मन्त्री।राज्यमन्त्री, उद्योग मन्त्रालय | " |
| (५) | मन्त्री।राज्यमन्त्री, कृषि मन्त्रालय | " |
| (६) | मन्त्री।राज्यमन्त्री, जलस्रोत मन्त्रालय | " |
| (७) | मन्त्री।राज्यमन्त्री, निर्माण तथा यातायात मन्त्रालय | " |
| (८) | मन्त्री।राज्यमन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय | " |
| (९) | मन्त्री।राज्यमन्त्री, शिक्षा मन्त्रालय | " |
| (१०) | मन्त्री।राज्यमन्त्री, स्थानीय विकास मन्त्रालय | " |
| (११) | मन्त्री।राज्यमन्त्री, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | " |
| (१२) | मन्त्री।राज्यमन्त्री, महिला तथा समाजकल्याण मन्त्रालय | " |
| (१३) | मन्त्री।राज्यमन्त्री, स्वास्थ्य मन्त्रालय | " |
| (१४) | सहायक मन्त्री, जनसंख्या तथा वातावरण मन्त्रालय | " |
| (१५) | सभापति, प्राकृतिक स्रोत साधन तथा वातावरण संरक्षण समिति, प्रतिनिधि सभा | " |
| (१६) | सदस्य, राष्ट्रिय योजना आयोग (वातावरण हेर्ने) | " |
| (१७) | उपकुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | " |
| (१८) | मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालय | " |
| (१९) | स्रोत संरक्षणसंग सम्बन्धित संघ संस्थाहरू तथा अन्य गैरसरकारी संस्था तथा वातावरणको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरू मध्येबाट श्री ५ को सरकारबाट मनोनीत ५ जना | " |
| (२०) | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य-सचिव |

२. पदावधि दफा १ को उपदफा (१९) मा उल्लिखित सदस्यहरूको पदावधि ४ (चार) वर्षको हुनेछ ।

३. परिषद्को काम र सचिवालय (१) वातावरण संरक्षण परिषद्ले देहायका उद्देश्य प्राप्तिका लागि आवश्यक नीति निर्माण गर्ने, कार्यविधि तयार गर्ने तथा नीति कार्यान्वयन गर्ने सम्बन्धमा निर्देशन दिनेछः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

292

(क) प्राकृतिक र भौतिक संसाधनहरूको प्रभावकारी व्यवस्थापन गर्ने ।

(ख) विकासका प्रयास र वातावरण संरक्षणबीच सन्तुलन एवं समन्वय कायम गर्दै सम्पूर्ण नेपालीको जीवनयापनको सामर्थ्यलाई दिगो बनाउने ।

(ग) मानव समुदायको वर्तमान र भावी पुस्ताको सामाजिक, आर्थिक, सांस्कृतिक आवश्यकता र अवसरहरूलाई ध्यानमा राख्दै प्राकृतिक, सांस्कृतिक र भौतिक संसाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास र संरक्षण गरी दिगो विकासको प्रयासलाई टेवा पुर्याउने ।

(घ) जनसंख्या वृद्धि तथा अव्यवस्थित बसोवास र विकास योजनाहरूबाट वातावरणमा पर्न सक्ने दुष्प्रभावलाई समयमै पहिचान गरी त्यस्तो दुष्प्रभावलाई सकेसम्म रोकथाम र कम गर्ने ।

(ङ) वातावरणीय योजना, वातावरणीय प्रभाव अध्ययन एवं मूल्यांकन, प्रदूषण नियन्त्रण र राष्ट्रिय सम्पदा संरक्षणको लागि राष्ट्रिय प्रणालीको विकास गर्ने ।

(च) पुनरूत्थान (रिजेनेरेट) एवं पुनः उपयोग (रिसाइकल) गर्न सकिने भौतिक संसाधनको क्षमतालाई वातावरणमा प्रतिकूल असर नपर्ने गरी उपयोग, विकास, व्यवस्थापन र संरक्षण गर्ने ।

(छ) दुर्लभ वा दुर्लभ प्रायः राष्ट्रिय वन्यजन्तु, वनस्पति, जैविक विविधता, वंशाणु स्रोत, प्राकृतिक एवं सांस्कृतिक सौन्दर्य तथा सम्पदास्थल, वातावरणीय संकट क्षेत्र इत्यादिको महत्व अनुरुप तिनको विशेष संरक्षण एवं सम्वर्द्धनको व्यवस्था गर्ने ।

(ज) वातावरणसम्बन्धी कानूनी संरचनाको निर्माण एवं परिमार्जन गर्ने ।

(झ) वातावरणीय कानून तथा नीतिहरूको प्रभावकारी कार्यान्वयनको लागि सरकारी तथा गैरसरकारी संस्थाहरूको विकास एवं समन्वय गर्ने ।

(ञ) वातावरण संरक्षण कोषको स्थापना तथा संचालन गर्ने ।

(ट) वातावरणका सम्बन्धमा सूचना प्रवाह गर्ने, शैक्षिक विकास एवं जनचेतना जागृत गर्ने ।

(ठ) वातावरणको क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्ने ।

(२) वातावरण संरक्षण परिषद्को सचिवालयको काम जनसंख्या तथा वातावरण मन्त्रालयले गर्नेछ । साथै उपदफा (१) बमोजिम दिइएको निर्देशनको कार्यान्वयनसमेत सोही मन्त्रालयमार्फत गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१३

४. परिषद्को बैठकसम्बन्धी कार्यविधि (१) वातावरण संरक्षण परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा परिषद्को बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(२) वातावरण संरक्षण परिषद्को बैठकमा अध्यक्षको आदेशानुसार सदस्य सचिवले अन्य मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, विशेषज्ञ वा विभिन्न पदाधिकारीहरूलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

(३) वातावरण संरक्षण परिषद्को बैठक र अन्य काम कारवाहीसम्बन्धी कार्यविधि परिषद्ले आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

५. द्रष्टव्य

(१) मौजुदा वातावरण संरक्षण परिषद्ले गरेका काम कारवाहीहरू दफा १ बमोजिम गठन भएको वातावरण संरक्षण परिषद्ले गरेको मानिनेछ ।

(२) मौजुदा वातावरण संरक्षण परिषद्को चल, अचल सम्पत्ति दफा १ बमोजिम गठन भएको वातावरण संरक्षण परिषद्मा सर्नेछ ।

(३) खण्ड ४२, संख्या ३६, मिति २०४६।६।२७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयको सूचना तथा मन्त्रिपरिषद्को मिति २०५१।११।२३ को वातावरण संरक्षण परिषद्को पुनर्गठनसम्बन्धी निर्णय खारेज गरिएको छ ।

आज्ञाले,

सूर्यनाथ उपाध्याय

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको

## सूचना १

यस सचिवालय अन्तर्गत क्षेत्रीय योजना कार्यालय पोखराका सहायक क्षेत्रीय योजना निर्देशक (रा. प. द्वितीय श्रेणी) श्री चीनबहादुर बानियाँ मिति २०५०।६।२८ देखि ३० वर्ष सेवा अवधि पूरा भई निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम २ वर्षको सेवा अवधि थप गरेको र सो अवधि पनि समाप्त भएकोले सोही नियमावली बमोजिम श्री ५ को सरकारले मिति २०५२।६।३० को निर्णयानुसार मिति २०५२।६।२७ देखि लागू हुने गरी पुनः २ वर्षको सेवा अवधि थप गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९८

## सूचना २

श्री ५ को सरकारले मिति २०५२।१०।२२ को निर्णयानुसार केन्द्रीय तथ्यांक विभागका उप-निर्देशक (रा.प. द्वितीय श्रेणी) श्री शेरबहादुर मिश्रको ३० वर्ष सेवा अवधि पुग्ने मिति २०५२।११।१६ देखि निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम २ वर्षको सेवा अवधि थप गरेको छ ।

आज्ञाले,
इन्द्रकुमार श्रेष्ठ
का.मु. विशेष सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।